श्रीमान नगरसभा अध्यक्षज्यू,  नगरसभा सदस्यज्यूहरु तथा कर्मचारीवर्ग,

ऐतिहासिक संविधान सभावाट जारी नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरणको रुपमा सम्पन्न स्थानीय तहको निर्वाचनवाट स्थानीय सरकारको गठन पश्चात आज हामी गौरादह नगरको ब्यवस्थापकीय सर्वच्च निकाय गौरादह नगरको चौथो नगर सभामा उपस्थित भएका छौ।सर्वप्रथम म गौरादह नगरपालिकाको तर्फवाट सम्पूर्ण उपस्थित नगरसभा ज्यूहरुलाई स्वागत तथा सम्मान अविवादन गर्न चाहान्छु।

प्रथम नगर सभा तथा दोस्रो नगर सभा विषेश प्राविधिक कठिनाइका कारण स्थानिय सरकार संचालन ऐन २०७४ को निर्दिष्ट समयमा गर्न नसके पनि तेस्रो नगर सभा र यो चौथो नगर सभा तोकिएकै समयमा सम्पन्न गर्न लागिएको छ।गौरादह नगर सभामा प्रस्तुत गौरादह नगरपालिकाको आ.व २०७६/०७७को निति तथा कार्यक्रमलाई दृष्टीगत गरि सोहि आधार र गौरादह नगरपालिकाको श्रोत अनुमान समितीले तोकिएको सिलिङ्गको आधारमा आ.व ०७६/०७७ को आय तथा व्ययको अनुमान प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएकी छु। सिमित श्रोत र साधनका बाबजुद गौरादह नगरको समग्र विकास निर्माणलाई संवोधन गर्ने गरी यो वर्षको बजेट बनाउन प्रयत्न गरिएको छ।वजेट तयार गर्दा नगरपालिकाको आन्तरिक श्रोतलाई वढी भन्दा वढी परिचालन गरी नेपाल सरकारवाट प्राप्तहुने अणुदान रकमलाई आम्दानीको मुख्य श्रोत मानिएको छ।वर्तमान गौरादह नगरको कर दस्तुर र सेवा शुल्कलाई भरसक जनतामा असर नपुग्ने गरि परिमार्जन गरिने प्रयास गरिएको छ। खर्च तर्फ मितव्यायीत लाई मुख्य मन्त्रमानी चालु तथा पुजिगत खर्चको रुप रेखा तयार गर्ने प्रयास गरिएको छ।वजेटको कुल अंकलाई माननिय सदस्यहरुकै सुझावको आधारमा वर्गिकरण गर्ने र अन्तिम वजेट तयार समयसिमा भित्रै गर्नेगरि गौरादह नगरकार्यपालिका वाट अनुमोदन भएको आम्दानी र खर्चको विवरण पेश गर्ने अनुमती माग्दछु।

नगर सभा सदस्य ज्यूहरु विगत आ.व. ०७५/७६ मा गौरादह न.पा को नगर सभावाट कुल ७९ करोड ६० लाख ९० हजार को वजेट पारित गरिएको ब्यहोरा स्मरण गराउन चाहान्छु।चालु आ.व को आषाढ २४ गते सम्ममा चालु तर्फ रु   ३६ करोड ७८ लाख ६७ हजार १ सय २३ र पुजिगत तर्फ रु २२ करोड ८ लाख १५ हजार ३ सय ३१ रुपैया ७४ पैसा खर्च भएको जानकारी गराउछु । आषाढ २४ गते सम्मको कुल चालु खर्च विनियोजित अंकको ८३.५५ प्रतिशत र पुँजिगत तर्फ विनियोजित अंकको पुँजिगत खर्च ३४.३९ प्रतिशत हुन आउने देखिन्छ । अब  म आ.व ०७५/७६ को शिर्षकगत यथार्थ खर्च पेश गर्दछु ।

अव म यस गौरादह नगरपालिकाको आ.ब. २०७६/७७ का लागि बजेट तथा कार्यक्रम को पुर्णपाठ पेश गर्ने अनुमति चाहन्छु । नगरसभा सदस्यज्यूहरु मैले यस भन्दा अगाडी २०७६ असार १० गतेका दिन बजेट सारांश प्रस्तुत गरेकी थिएँ । जसमा आ.ब. २०७६/७७ का लागि यस गौरादह नगरपालिकाको स्रोत अनुमान समिति र कार्यपालिका बैठकमा समेत छलफल भएको निम्न अनुसारको आय अनुमान पेश गरेकी

छ । जसमा केन्द्र सरकार वित्तिय समानीकरण अनुदान रु १५ करोड सतसठ्ठी लाख, केन्द्र सरकार राजस्व वाँडफाड ११ करोड चौसठ्ठी लाख, प्रदेश सरकार समानीकरण अनुदान तथा राजस्व वाँडफाड १ करोड ७० लाख ७२ हजार, केन्द्र सरकार समपुरक अनुदान ३ करोड, प्रदेश सरकार सशर्त अनुदान १ करोड ५० लाख, प्रदेश सरकार समपुरक अनुदान १ करोड, अन्य अनुदान (संघ प्रदेश पूर्वाधार विकास साझेदारी समेत) ५ करोड, सडक वोर्ड नेपाल ५० लाख, केन्द्र सरकार शशर्त अनुदान २० करोड ९१ लाख, आन्तरिक आय ४ करोड ५० लाख, आ.ब. २०७५/७६ को खर्च भइ बाँकी रहने अनुमानित मौज्दात रु २ करोड १० लाख, सामाजिक सुरक्षा भत्ता अनुदान १८ करोड गरी कुल ८५ करोड ५२ लाख ७२ हजार अनुमानित आय हुने अपेक्षा गरेकी छु ।

नगरसभा सदस्यज्यूहरु यस गौरादह नगरपालिकाको गत विगतमा आन्तरिक आम्दानी न्यून रहेकाले आगामी बर्षका लागि करका दरहरुमा समयानुकुल बढोत्तरी गरी नयाँ आयका क्षेत्रहरु समेत पहिचान गरी कर दस्तुरका नयाँ दरहरु स्वीकृतिका लागि पेश गरेकी छु । जसले गर्दा आगामी आ.ब. २०७६/७७ मा नगरपालिकाको कुल आम्दानीमा आन्तरिक आयको हिस्सा बढ्ने अपेक्षा राखेकी छु ।

नगरसभा सदस्यज्यूहरु,

अब म आ.ब. २०७६/७७ मा चालु तथा पुँजिगत खर्चको विवरण पेश गर्ने अनुमति चाहन्छु । प्रशासनिक चालुखर्च तर्फ रु ११ करोड विषयगत शाखा तर्फ क्रमश महिला तथा बालबालिका शाखा १५ लाख, कृषि शाखा तर्फ १ करोड, शिक्षा शाखा तर्फ १ करोड १० लाख, पशुसेवा शाखा तर्फ ३० लाख, आयुर्वेद शाखा तर्फ रु ३० लाख, स्वास्थ्य शाखा तर्फ रु १ करोड १० लाख, सहकारी शाखा तर्फ १० लाख, नगरस्तरीय साझेदारी कार्यक्रम तर्फ रु १५ लाख समेत गरी चालु तर्फ जम्मा रु १५ करोड विनियोजन प्रस्ताव गरेकी छु ।

उपस्थित नगरसभा सदस्यज्यूहरु,

अब म आर्थिक बर्ष २०७६/७७ का लागि पुँजिगत तर्फको क्षेत्रगत बाँडफाड व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु । प्रत्येक वडालाई दिइने पुँजिगत अनुदानमा यस पटक सामान्य हेरफेर गरिएको छ । वडाको जनसंख्या भौगोलिक क्षेत्र र विकासको अवस्थालाई हेरी सबै वडालाई तिन वर्गमा राखी पुँजिगत बजेट विनियोजन गरिएको छ । जस अनुसार वडा नं १,५,६ र ९ लाई १ करोड २० लाखका दरले जम्मा रु ४ करोड ८० लाख, वडा नं ४,७,८ का लागि १ करोड १० लाखका दरले रु ३ करोड ३० लाख, वडा नं २ र ३ का लागि १ करोडका दरले २ करोड गरि जम्मा १० करोड १० लाख विनियोजन प्रस्ताव गरेकी छु । विगतमा वडा कार्यालयलाई लक्षित कार्यक्रमको लागि दिइएको अनुदान १० लाख लाई बढाइ रु १२ लाख गरिएको छ । यसरी वडा कार्यालयमा लक्षित कार्यक्रमका लागि विनियोजित चालु अनुदान जम्मा रु १ करोड ८ लाख चालु तर्फको कुल विनियोजित १५ करोडमा समावेश गरिएको छ । आ.ब. २०७५/७६ मा ठेक्का लागि कार्य सम्पन्न नभएका योजनाहरुका लागि आ.ब. २०७६/७७ मा भुक्तानी दिनुपर्ने पुँजिगत रकम रु ८ करोड ७९ लाख ७२ हजार विनियोजन प्रस्ताव गरेकी छु ।

नगरसभा सदस्यज्यूहरु,

अब म आ.ब. २०७६/७७ का लागि पुँजिगत तर्फको रु १२ करोड ७२ लाख नगरस्तरीय योजना तथा कार्यक्रमहरुको विवरण र प्रस्तावित विनियोजित रकम पेश गर्ने अनुमति चाहन्छु ।

| गौरादह नगरपालिकाको आ.व २०७६/७७ का नगर स्तरिय योजनाहरु (पुँजिगत १२ करोड ७२ लाख) | | |
|---|---|---|
| क्र.स | योजनाको नाम | रकम |
| १ | वडा नं. २,३,४,८,९ वडा कार्यालय भवन निर्माण (रु ३० लाखका दरले) | १५,०००,००० |
| २ | नगरपालिका भवन घेरावारा | २,०००,००० |
| ३ | सामुदायिक क्याम्पस अधुरो भवन निर्माण | २,०००,००० |
| ४ | कृष्णेखोला १,२ को समाधी स्थल निर्माण | १,०००,००० |
| ५ | सवारी साधन,मेसिनरी औजार खरिद(हेभी ईक्युप्मेन्ट स्काभेटर सहित) | ४,०००,००० |
| ६ | वाणिज्य संघ घेरावारा | २५०,००० |
| ७ | निर्माणाधिन चिल्ड्रेन पार्क निर्माण वडा नं. २ | २५०,००० |
| ८ | सार्वजनिक तथा घुम्ती शौचालय निर्माण(गौरादह, डिपुचौक, बैगुनधुरा) | ३,०००,००० |
| ९ | नगरस्तरीय मर्मत तथा सुधार | २,०००,००० |
| १० | साझेदारी कार्यक्रम | ५,०००,००० |
| ११ | सडक वत्ति जडान | २,८००,००० |
| १२ | डिजिटल नगर प्रोफाइल निर्माण | २,५००,००० |
| १३ | पाडाजुगी गौरीगंज सडक विस्तार | ५००,००० |
| १४ | प्रगती मा.वी शौचालय वडा नं ८ | ५००,००० |
| १५ | गौरादह नपा वडा नं. ९ मिलन चोक स्तम्भ | ३००,००० |
| १६ | ग्वालडुवा वजार जेष्ठ नागरिक चौतारा दक्षिण टायल तथा पार्क निर्माण | १,०००,००० |
| १७ | गौरादह ९ बुढाथोकीको घर वाट मिश्र टोल सडक ग्रावेल | १,७००,००० |
| १८ | ठाकुर टोल जोरघरे रामचन्द्रे खोला कलर्भट निर्माण | २,०००,००० |
| १९ | मदन आश्रीत भवन निर्माण, गौरादह ७ | ७००,००० |
| २० | भुसिया कुकुर नियन्त्रण | ५००,००० |
| २१ | सोमराज टोल वाट लक्ष्मी सुवेदीको घर सम्म वाटो ग्रावेल | १,०००,००० |
| २२ | सि.सि.क्यामेरा जडान डिपु चौक र ग्वालडुवा वजार | ८००,००० |
| २३ | ईलाका पशु सेवा केन्द्र छत ढलाई प्लास्टर | ४००,००० |
| २४ | ईलाका प्रशासन कार्यालय सामाग्री वितरण | १००,००० |
| २५ | विपद ब्यवस्थापन | २,५००,००० |
| २६ | फोहोर व्यवस्थापनका लागि डसबिन खरिद | २००,००० |
| २७ | हलेश्वर मन्दिर उत्तर बाटो | ५००,००० |
| २८ | मानाभारा चोक पश्चिम दामुना कलर्भट निर्माण गौरादह ६ | १,५००,००० |
| २९ | योग शिक्षा कार्यक्रम | २००,००० |
| ३० | ठकठके चौक बाट दक्षिण सुर्योदय चौक सम्म ग्रावेल, गौरादह ७ | १,०००,००० |
| ३१ | गौरीगगां घाट निर्माण गौरादह ७ | ५००,००० |
| ३२ | रवरखेती प्रवर्धन | ३००,००० |
| ३३ | वोस्ती चौक वाट फकिरठिप सडक ग्रावेल | १,१००,००० |
| ३४ | चप्रामारी कटकपुर वाटो ग्रावेल, गौरादह ५ | १,०००,००० |
| ३५ | यूवराज दाहालको घर पश्चिम कलर्भट, गौरादह ५ | १,२००,००० |
| ३६ | देवी मार्ग सडक स्तरउन्नती, गौरादह ४,५ | ८००,००० |
| ३७ | चारआली दक्षिण बक्स कलर्भट, गौरादह १ | २,०००,००० |
| ३८ | मठ मन्दिर संघसस्था सहयोग प्रमुख वाट १७ उपप्रमुख वाट १३ | ३,०००,००० |
| ३९ | गौरादह वजार व्यवस्थापन तथा सास्कृतिक पहिचान | ८००,००० |
| ४० | शहरी स्वास्थ्य चौकी वडा नं. २,६, अधुरो भवन निर्माण | २,०००,००० |

| | | |
|---|---|---|
| ४१ | कृषीथोक वजार,गौरादह २, अधुरो भवन निर्माण | १,०००,००० |
| ४२ | ट्राफिक अफिस फर्निचर | १००,००० |
| ४३ | सामुदायिक साझेदारी प्रहरी कार्यालय खर्च तथा कार्यक्रम | ३००,००० |
| ४४ | सिहाडुवा दामुना सडक कलर्भट, गौरादह ६ | १,०००,००० |
| ४५ | ब्रम्मकुमारी राजयोगकेन्द्र भवन निर्माण, गौरादह २ | २५०,००० |
| ४६ | जामवाडी शान्ती चौक सडक कलर्भट, गौरादह ३,७ | ७००,००० |
| ४७ | खजुरवारी बेसक्याम सडक, गौरादह ९ | १,५००,००० |
| ४८ | ससस्त्र प्रहरी बेसक्याम,गौरादह ९ | १,०००,००० |
| ४९ | अव्यवस्थित सडक पोल लाई व्यवस्थित गर्ने | ८००,००० |
| ५० | होमपाईप खरिद | ५००,००० |
| ५१ | वि.पी स्मृती भवन | ७००,००० |
| ५२ | नदी नियन्त्रण | १,५००,००० |
| ५३ | खानेपानी व्यवस्थापन | १,०००,००० |
| ५४ | नगरपालिका फर्निचर खरिद | ७००,००० |
| ५५ | वाघमारा सडक ग्रावेल, गौरादह ९ | १,२००,००० |
| ५६ | खेलमैदान जग्गा खरिद तथा निर्माण | १०,०००,००० |
| ५७ | बसपार्क व्यवस्थापन | १०,०००,००० |
| ५८ | नगर आवास कार्यक्रम | १०,०००,००० |
| ५९ | फोहोर मैला व्यवस्थापन | १०,०००,००० |
| ६० | रेडक्रस भवन घेराबारा | २५०,००० |
| ६१ | डिजिटल सूचना बोर्ड | ५००,००० |
| ६२ | डिठ्ठा चौक पश्चिम कल्भर्ट वडा नं १ | १,५००,००० |
| ६३ | वडा नं. २ डिपु पुर्व ढल निकास पैनी ढलाई एव व्यवस्थापन | १,०००,००० |
| ६४ | वडा नं ७ दुधाली धनिलाल हुँदै डाँडागाउ सडक | १,०००,००० |
| ६५ | वडा नं ९ चापामाई टोल कल्भर्ट | ८००,००० |
| ६६ | वडा नं. ९ को भगवत सतारको घर देखि भुजेलटोल कर्ण बहादुरको घर सम्म बाटो | ३००,००० |
| ६७ | युवराज चुडालको घर देखि रहपाल टोल सम्म | २००,००० |
| ६८ | जनता प्रा वि पश्चिम कल्भर्ट निर्माण | १,०००,००० |
| ६९ | बैराती बाँध कल्भर्ट ढलाई तथा सडक निर्माण | ५००,००० |
| | जम्मा | १२७,२००,००० |

यसरी आ.ब. २०७६/७७ मा व्यय तर्फ चालु एकमुष्ठ १५ करोड नगरस्तरीय योजना तथा कार्यक्रम १२ करोड ७२ लाख वडास्तरीय पुँजिगत खर्च तर्फ १० करोड १० लाख आ.ब. २०७५/७६ मा ठेक्का लागि क्रमागत योजनाहरुमा भुक्तानी दिनुपर्ने पुँजिगत खर्च रु ८ करोड ६९ लाख ७२ हजार केन्द्र सरकार सशर्त अनुदान २० करोड ९१ लाख सामाजिक सुरक्षा अनुदान खर्च रु १८ करोड समेत गरी जम्मा ८५ करोड ५२ लाख ७२ हजार व्यय अनुमान पेश गरेकी छु ।

अन्त्यमा बजेट पुर्णपाठ तयार गर्न सहयोग गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु कर्मचारी साथीहरु र अन्य संलग्न सबैलाई धन्यवाद दिदै विषयगत शाखाका मध्ये प्राप्त हुन आएको आ.ब. २०७६/७७ का कार्यक्रमहरु यसै साथ पेश गरेकी छु । वडास्तरीय योजना तथा कार्यक्रमहरु अर्को बैठकमा पेश गर्नेछु ।